# बेलबारी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ

प्रदेश नं.१, नेपाल

प.स. : २०७८/०७९

च.नं. :

☎०२१-४३४२५९

०२१-४३४२१३


मितिः२०७८/१२/१६

## बेलबारी नगरपालिकाको अत्यन्त जरुरी सूचना।

उपरोक्त सम्बन्धमा राष्ट्रिय भूमि आयोगको मिति २०७८/११/२६ गतेको सूचना बमोजिम भुमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि स्थानिय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा पाउन आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भर्ने सम्बन्धमा मिति **२०७८/१२/१६** देखि मिति **२०७८/१२/३०** गते सम्म प्रत्येक वडा कार्यालयमा लगत संकलन निवेदन फाराम भर्ने कार्य भएको हुँदा **गत वर्ष फाराम भर्न छुटेका तथा सच्याउन पर्ने व्यक्ती तथा परिवारले मात्र** फाराम भर्न तपसिल बमोजिम विवरण सहित वडा कार्यालयमा निवेदन फाराम पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ। –

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

**तपशिल:**

१.परिवारमूलीको पति र पत्नीको नेपाली नागरिकताको २/२ प्रति फोटोकपी र पासपोर्ट साइजको २/२ प्रति फोटो।

२.नागरिकता प्राप्त परिवारका सबै सदस्यको नेपाली नागरिकताको १/१ प्रति फोटोकपी।

३.उपभोगको प्रमाणहरू:

| भूमिहीन दलित र भूमिहीन सुकुम्बासीका लागि | अव्यवस्थित बसोबासीका लागि |
|---|---|
| विद्युत/पानीको महसुल तिरेको रसिद, स्थानिय तहले दिएको सिफारिस, घरसारको कागजको प्रतिलिपि, भोगचलन गर्न दिएको प्रमाणको प्रतिलिपि, घरको नक्सा पासको प्रतिलिपि र विगतका आयोगले दिएको निस्सा, कुनै प्रमाण नभएको। | आबाद कमोत भइआएको स्थानिय तहको सिफारिस, आफू र परिवारका सदस्यका नाममा अन्यत्र रहेको सबै जग्गाको पूर्जाको प्रतिलिपि र सम्बन्धित स्थानिय तहले सम्पत्ती कर प्रयोजनका लागि निर्धारण गरेको मूल्याङ्कनसम्बन्धि स्थानिय तहको पत्र। |